नेपाल सरकार

# राष्ट्रिय भूमि आयोग

ताहाचल काठमाडौं

## सर्भेक्षक भर्ना गर्ने सम्बन्धी सूचना

**(सूचना प्रकाशित मितिः २०८०।११।०९)**

राष्ट्रिय भूमि आयोगका लागि आवश्यक देहायका पद र सेवाका नापी प्राविधिकहरू करार सेवामा भर्ना गर्नु पर्ने भएको हुँदा तोकिएको न्यूनतम योग्यता पुगेको ईच्छुक उम्मेदवारहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दरखास्त आह्वान गरिन्छ।

| क्र.सं. | विज्ञापन नं. | पद | सेवा | माग संख्या |
|---|---|---|---|---|
| १ | १/२०८०-८१ | सर्भेक्षक | करार | ९७ |

१) **परीक्षाको किसिमः** संक्षिप्त सूची निर्धारण तथा अन्तर्वार्ता।

२) **कार्यक्षेत्रः** आयोगले तोके अनुसार।

३) **आवेदकको उमेरको हदः** आवेदन दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको तर, नेपाल इन्जिनियरिङ सेवा सर्भे समूह अन्तर्गत निजामती सेवा तथा संस्थान सेवाबाट अवकाश प्राप्त कर्मचारीको हकमा ६० वर्ष उमेर ननाघेको हुनु पर्नेछ।

४) **दरखास्त पाइने स्थानः** राष्ट्रिय भूमि आयोगको वेवसाइट www.nlc.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

५) **दरखास्त बुझाउने स्थानः** राष्ट्रिय भूमि आयोग, ताहाचल, काठमाडौं।

६) **आवेदन दिने अन्तिम मितिः** २०८०।११।२३ गते कार्यालय समयभित्र।(सो दिन सार्वजनिक बिदा परेमा सो पछि कार्यालय खुलेको दिन कार्यालय समयभित्र)

७) **संलग्न गर्नुपर्ने आवश्यक कागजातहरूः** आवेदनको साथमा नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि, अनुभव कागजातको प्रतिलिपि, तालिमको प्रमाण-पत्रको प्रतिलिपि। (प्रतिलिपि कागजातहरू अनिवार्य रुपमा उम्मेदवार स्वयम्ले प्रमाणित गरिएको हुनु पर्नेछ।)

८) **पारिश्रमिक तथा सेवा सुविधाः** नेपाल सरकारले तोकेको सो पदका स्थायी कर्मचारीको सुरु तलब स्केल सरह।

९) **शैक्षिक योगयताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी Survey वा Geomatics विषय लिई ३ वर्षे प्रविणता प्रमाण-पत्र तह सरहको डिप्लोमा उत्तीर्ण वा विज्ञान (भौतिक विज्ञान समूह) वा भूगोल विषय लिई प्रमाण-पत्र तह वा १०+२ वा सो सरहको परीक्षा उत्तीर्ण गरी कम्तीमा १ वर्षको जुनियर नापी तालिम गरेको हुनु पर्नेछ।

१०) **करार अवधिः** २०८१ असार मसान्तसम्म।

११) **परीक्षा दस्तुरः** रु. ४००।- (अक्षेरेपि चार सय मात्र) राष्ट्रिय भूमि आयोगको कार्यालयमा बुझाउनु पर्नेछ।

१२) **संक्षिप्त सूची र अन्तर्वार्ता मितिः** आयोगको वेवसाइट www.nlc.gov.np मा प्रकाशित गरिनेछ।